# काठमाडौं विश्वविद्यालयको रजत महोत्सव समापन समारोह सम्पन्न

काठमाडौं विश्वविद्यालयको रजत महोत्सव समारोह मूल आयोजक समितिको आयोजनामा आज २०७३ चैत ३० गते मङ्गलबार विश्वविद्यालयको केन्द्रीय परिसरमा विशेष समारोहको आयोजना गरी रजत महोत्सवको समापन गरियो । विश्वविद्यालयका सहकुलपति तथा माननीय शिक्षामन्त्री श्री धनिराम पौडेलज्यूको अध्यक्षतामा सम्पन्न आजको समारोहमा उपकुलपति प्रा. डा. रामकण्ठ माकजू श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**आजको समारोहमा प्रदत्त सम्मान –**

- २०७३ चैत ३० गतेसम्म २५ वर्ष सेवा गरेका ४ जना कर्मचारीहरूलाई 'अनवरत सेवा रजतपदक'
- २०७३ चैत ३० गतेसम्म २० वर्षभन्दा बढी सेवा गरेका ५१ जना शिक्षक तथा कर्मचारीलाई 'अनवरत सेवापदक'
- विश्वविद्यालयको सेवामा १५ वर्षसम्म काम गरी निवृत्त भएका शिक्षक तथा कर्मचारीहरू १५ जनालाई सम्मानस्वरूप 'कदरपत्र'
- विभिन्न मितिमा विश्वविद्यालयको सेवामा प्रवेश गरी प्राध्यापक पदबाट उमेरको हदले अवकाश प्राप्त गरेका ९ जना प्राध्यापकहरूलाई 'रजत महोत्सव प्राज्ञपदक'

**आजको समारोहमा गरिएको घोषणा –**

- १५ वर्षभन्दा बढी अवधिदेखि हालसम्म कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई १ ग्रेड थप गर्ने गरी 'रजत महोत्सव विशेष ग्रेड' प्रदान गर्ने
- ग्रेडको अधिकतम सीमा नाघिसकेका साविक पदमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई अर्को ब्यान्ड वा पदमा बढुवा हुँदा ल्याप्स हुने गरी ५ ग्रेड थप गर्ने
- हरेक शिक्षक-कर्मचारीलाई २५ दिनको तलबबराबरको रकम उपलब्ध गराउने
- विश्वविद्यालयका संस्थापकलाई विशेष सम्मान गरी विश्वविद्यालयको स्थापना र विकासमा उल्लेख्य योगदान पुऱ्याउने महानुभावहरूलाई २०७४ मङ्सिर २५ गतेअगावै विशेष कार्यक्रमको आयोजना गरी विशेष सम्मान गर्ने

**रजत महोत्सवमा भएका कार्यहरू –**

- विश्वविद्यालयको स्थापना भएको २५ वर्ष पुगेको अवसरमा वर्षैभरि विभिन्न कार्यक्रमहरू गरी रजत महोत्सव मनाउन कुलपति तथा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा २१९ सदस्यीय मूल समारोह समिति बनाइयो ।
- त्यही समितिको आयोजनामा सम्माननीय राष्ट्रपतिज्यूबाट २०७२ फागुन २८ गते रजत महोत्सवको समुद्घाटन गर्दै विश्वविद्यालयको केन्द्रीय परिसरमा नवनिर्मित भवनको समुद्घाटन र रजतवर्षको प्रतीकचिह्न अनावरण गरियो ।
- थप भवनहरूको निर्माणकार्य सुरु गरियो ।
- भारतका राष्ट्रपति प्रणव मुखर्जीलाई गत कार्तिक महिनामा मानार्थ विद्यावारिधि प्रदान गरियो ।
- विभिन्न विधामा दक्षता प्राप्त गरेका विशिष्ट विद्वान्‌हरूबाट प्रवचनहरू गराइए ।
- विभिन्न प्रकाशनहरू गरिए ।
- विश्वविद्यालयको स्थापनाकालदेखि नै योगदान पुऱ्याउनुभएकोमा आर्किटेक्ट Mr. Niels Axel र प्रा. सरस्वतीप्रसाद रिमाललाई KU Oration प्रदान गरियो ।
- साहित्यिक र साङ्गीतिक कार्यक्रमहरू गरिए ।
- थप छात्रवृत्ति कोष खडा गरियो ।
- ३ करोड रुपियाँको शैक्षिक ऋणको अक्षयकोष पनि स्थापना गरियो ।

**भइरहेका कार्यहरू –**

- रजतवाटिका निर्माण गर्ने कार्य भइरहेको ।
- विश्वविद्यालय परिसरमा निर्मित विभिन्न भवनहरूको नामकरण गर्ने कार्य संरक्षण समितिको परामर्शमा गर्दै जाने निर्णय भएको ।
- सातवटै स्कुलमा KU VC Silver Jubilee Scholarship को स्थापना गर्ने निर्णय भइसकेको । स्कुल अफ म्यानेजमेन्टअन्तर्गत लिटिल एन्जेल्स र नेपाल कलेज अफ म्यानेजमेन्टले समेत एक-एकवटा कोष स्थापना गर्ने भएका । सम्बन्धनप्रदत्त र विस्तारित कार्यक्रमबाट पनि छात्रवृत्ति कोषको स्थापनाका लागि गृहकार्य भइरहेको ।
- Emeritus Professor को व्यवस्था गर्ने निर्णय भएकाले त्यसका लागि निर्देशिका तयार पार्ने काम भइरहेको ।

समारोहलाई स्वागत गर्दै उपकुलपति डा. रामकण्ठ माकजू श्रेष्ठले उच्च शिक्षा हासिल गर्ने अवसर पाउन कस्तो परिवार र कुन ठाउँमा जन्मेको हो भन्ने कुराले असर पार्नु हुँदैन, गुणस्तरीय शिक्षा आर्थिक रूपमा सम्पन्न परिवारका लागि मात्र पनि हुनु हुँदैन, शिक्षाको अवसरका लागि प्रतिभा र इच्छाशक्ति मात्र भए पुग्ने हुनुपर्छ' भन्नुभयो । उहाँको भनाइ थियो – छात्रवृत्ति र शैक्षिक ऋणको व्यवस्था थप गर्नुपर्छ, अहिलेका विकासका कार्यक्रमहरूलाई शैक्षिक संस्थाहरूसँग समन्वय गरेर अगाडि बढाउनुपर्छ, उच्च शिक्षाका संस्थाहरूको विकास गर्न अधिकतम स्वतन्त्रता र सजिलो वातावरण दिनुपर्दछ, उच्च शिक्षाको व्यवस्थापनमा आधुनिक सोचाइ ल्याउनुपर्छ, नयाँ वस्तु, परिवेश र सम्बन्ध बुझेको जमातलाई धमाधम माथि उकास्नुपर्छ र गर्न खोज्ने र सक्नेलाई सहज बाटो बनाइदिनुपर्छ ।